# जनताको खाद्य सम्प्रभूता

# पहिलो प्रशिक्षण माला
# २०६३

**प्रकाशक**
**केन्द्रीय प्रचार तथा प्रकाशन विभाग**
**अखिल नेपाल किसान संघ**

## परिचयः

बिगत केही समययता प्रगतिशील किसान आन्दोलन लगायतका सामाजिक आन्दोलनहरूले विश्वभरिनै ”जनताको खाद्य सम्प्रभूता” बारे आवाज बुदन्द गर्दै आएका छन् । यस्ता आन्दोलनहरूले कृषि र खाद्यका सन्दर्भमा कृषि क्षेत्रको निर्णायक भूमिका हुनु पर्ने र खाद्य तथा कृषि जनताको नियन्त्रणमा हुनु पर्ने कुरामा जोड दिएका छन । यो आवाजलाई बिभिन्न सामाजिक आन्दोलन लगायत अरू क्षेत्रका संघसंस्थाहरू, गैह्र सरकारी संस्थाहरू, नागरिक समाजहरू र अन्य समूहहरूले समेत समर्थन गर्दै, यसको पक्षमा आवाज उठाएका छन् । सन् २००२ मा रोममा सम्पन्न विश्व खाद्य शिखर सम्मेलनका निष्कर्षहरूमा समेत यो आवाज प्रतिबिम्बित भएको छ ।

खाद्य तथा कृषि जगतासँग सम्बन्धित जनताको खाद्य सम्प्रभूताको आन्दोलन भएपनि यो अगाडि बढने क्रममा यसले लोकप्रियता हासिल गर्दै कृषि तथा खाद्य उत्पादनमाथि नाफाउन्मुख ब्यापारिक नियन्त्रण विरूद्धको जनविकल्पको रूप लियो । नवउदारवादी विश्वव्यापीकरणको बढ्दो शोषण तथा कस्सिदो नियन्त्रणको सिलसिलामा यो आनदोलनले “**विश्व व्यापार संगठन कृषिक्षेत्र बाट वाहिर जाऊ**” भन्ने आम जनताको मागमा समेत काँधमा काँध मिलाउदै अगाडि बढ्यो । विश्व खाद्य शिखर सम्मेलन २००२ मा सामाजिक जन आन्दोलनहरूले नाफामूलक व्यापारिक विश्व्यापीकरण अन्तर्गत भए गरेका विश्वमा भोकमरी र कुपोषणलाई वढावा दिने सबै प्रकारका सम्झौताहरूलाई अस्वीकार गर्दै अगाडि बढ्ने प्रतिबद्धता जारेर गर्‍यो ।

यस घटनापछि खाद्य सम्प्रभुतालाई एशिया तथा अन्य क्षेत्रका विभिन्न सामाजिक जन-आन्दोलनहरू तथा संघ-संस्थाहरूले आमरूपमा स्वीकार गरे । हालसालै संयुक्त राष्ट्र संघले समेत (खाद्य अधिकार सम्बन्धी विशेष मस्यौदा-पत्रको सिफारिस प्रतिवेदनमा) सम्पूर्ण सदस्य राष्ट्रहरू खाद्य सम्प्रभूताको **अधिकारलाई सम्मान गर्ने, रक्षागर्ने र परिपूर्ति गर्ने राज्यको दायित्व निर्वाह गर्ने कृषि तथा कृषिव्यापारको विकल्पको नमुनाको रूपमा** मान्यता दिन प्रोत्साहित गर्‍यो ।

खाद्य सम्प्रभूताको आधारभूत अवधारणा र खासखास सवालमाथि प्रकाश पार्दै आम जनता र किसानका विरूद्धमा नाफामूलक व्यापारिद्वारा विश्वव्यापीकरणका विरुद्धमा छेडिएको संघर्षको पक्षमा कसरी उपयोग गर्न सकिन्छ भन्ने प्रश्नले आज महत्व पाएको छ ।

## खाद्य सम्प्रुभता के हो ?

आज भोकको समस्या विश्वभरिनै झन्झन् सङ्कटग्रस्त हुँदै गएको छ । विश्वव्यापीकरणले लादेका विश्वव्यापार संगठन सम्बन्धी सर्तहरू, सरकारहरूका खाद्य उत्पादन तथा अन्य सम्बन्धित कार्यक्रमहरू लागू गर्ने राजनैतिक इच्छा शक्तिको कमी र अन्य धेरै कारणहरूको परिणामस्वरुप बढदै गएको आर्थिक सङ्कटबाट किसानहरू तथा अन्य खाद्य उत्पादकहरूले (खाद्य उत्पादक भन्नाले पुरुष तथा महिला किसान, माझीहरू, कृषि मजदुरहरू, वन क्षेत्रमा जीविकोपार्जन गर्ने आदिवासीहरू, जनजातिहरू, दलित तथा भूमिहीन कृषि श्रमिकहरू, गोठाला किसानहरू, हरूवा चरुवा तथा अन्य यस्तै श्रमिकहरू भन्ने वुझाउँछ जो खाद्य उत्पादन प्रकृयामा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संलग्न रहेका कामदारहरू हुन) झेल्न परेका चुनौतीहरू लगातार बढ्दै गइरहेका छन् । अर्कोतिर, उत्तरका विकसित राष्ट्रहरूमा खाद्य उत्पादनको अति वृद्धि, ती राष्ट्रको कृषिक्षेत्रमा रहेको एकाधिकार र बहुराष्ट्रिय निगमहरूलाई दिइएको पूर्ण समर्थन र विकसित र औद्योगिक कृषि प्रणालीको प्रयोगबाट संभव भएको छ ।

यस सङ्कटको घडीमा कृषिका समस्याहरू बारे छलफल तथा बहस गर्दा एकल तथा साँघुरो दृष्टिकोण पर्याप्त नहुने कुरा प्रष्ट छ । कृषि तथा खाद्य उत्पादनमाथि लादिएको नाफामूलक व्यापारिक थिचोमिचोका विरुद्ध सबै पक्ष समेटिएको वृहद् प्रतिरोध आवश्यक भएको छ । यो संघर्षको एउटा पाटो, खाद्य तथा कृषिको सम्बन्धमा जनमुखि वैकल्पिक कार्यनीति प्रस्तुत गर्नु पर्दछ । खाद्य सम्प्रुभताको मुख्य विषय नै खाद्य उत्पादक कृषकहरूको जमिनमाथिको स्वामित्व तथा खाद्य उत्पादनका संसाधनहरूमाथि उनिहरूको पहुँच सुनिश्चित गर्ने व्यवस्थालाई व्यवहारमा उतार्नु हो । साथै कृषि मजदुरहरूको हक हितको सुरक्षा तथा सर्वोन्नति गर्नु तथा मुलुकका सम्पूर्ण जनताको सुरक्षित र पोषणयुक्त खाद्यमाथिको पहुँच सुनिश्चित गर्नु पनि हो ।

खाद्य सम्प्रभताको उद्देश्य प्रष्ट रहेकोले आज विभिन्न सामाजिक आन्दोलनहरूले आत्मसात गर्दै संसारभर यसरी लोकप्रिय गराए की अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूले कृषि तथा खाद्यको क्षेत्रमा यो नै एउटा महत्त्वपूर्ण प्रतिरोधि नीतिको रुपमा सहर्ष स्वीकार्य हुन पुग्यो ।

*खाद्य सम्प्रभता* आमजनताको खाद्य तथा कृषि नीति निर्धारण गर्ने मौलिक हकको रूपमा प्रतिपादित भैसकेको छ । यो उनीहरूको उत्पादनको साधनमाथिको पहुँच तथा नियन्त्रणको अधिकार सुनिश्चित गर्ने साधन भएको छ, यो उनीहरूको सुरक्षित, सांस्कृतिक रूपमा उपयुक्त खाद्य तथा दिगो खाद्य उत्पादनको अधिकार हुन गएको छ ।

## १. खाद्य सुरक्षा के हो ? यो सुनिश्चत गर्न सरकार र समाजमा रहेको दायित्व के हो ?

कृषि उत्पादनमा भएको प्रविधि विकासबाट वढिभन्दा वढि जनताले खान पाउने र कोही भोको नरहने अवस्था सिर्जना हुनु पर्दछ । तर तेस्रो विश्वमा सुविधा विहीन, खान नपाएका र भोकका कारण मरिरहेका मानिसहरूको सङख्या यसरी बढेको छ कि भोकमरीको समस्या विश्वव्यापी चासोको विषय बन्न गएको छ ।

विद्यमान तथ्याङ्कहरूले विश्वभरिका ८० करोड जनता जटिल खाद्य सङ्कटबाट ग्रसित भएका छन् । यस मध्ये ५० करोड मानिस एशिया प्रशान्त क्षेत्रका छन् । गरिवी र भोकको मारमा महिला तथा केटाकेटीहरू असर बढि परेको छ । महिलाहरूका सन्दर्भमा यो लैङ्गिक असमानता र आर्थिक तथा राजनैतिक अधिकार विहिनताको परिणाम हो । खाद्य अधिकार सम्बन्धी मानव अधिकार आयोगको विशेष मस्यौंदा प्रतिवेदनअनुसार साना नानीहरु छोराहरूको दाजोमा कुपोषण र निको पार्न सकिने बालरोगबाट दोब्बरको सङख्यामा प्रभावित छन् र कुपोषणको सन्दर्भमा पुरुषको दाजोमा महिलाहरू झण्डै दोब्बरको सङख्यामा प्रभावित भएको अनुमान गरिएको छ ।

यस प्रकारको खाद्यमाथिको पहुँच तथा पर्याप्त पोषणयुक्त खानाको कमीको अवस्थालाई खाद्य सुरक्षाको हक हनन् भएको वा खाद्य असुरक्षामा रहेको मानिन्छ । खाद्य सुरक्षा कायम गर्नु सरकारको प्राथमिक दायित्व हो । यो उसको त्यस्तो आधारभूत कार्य हो जसको प्रत्यक्ष सम्बन्ध आम जनजिविकाको गुणस्तर वृद्धि तथा कल्याणसँग सम्वन्धित छ ।

प्रभावकारी खाद्य उत्पादन कार्यक्रम तर्जुमा तथा लागु गर्नु सरकारको कर्तव्य हो । आम किसानहरूको उत्पादन क्षमता विकास तथा अन्य खाद्य उत्पादनविना यो सम्भव छैंन । यसका लागि खास कृषिको वास्तविक सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ । यस्तो कार्यक्रमले खाद्य उत्पादनकर्ताहरूको हातमा कृषि पूँजि तथा कृषि उत्पादनशील संशाधनहरूमाथिको अधिकार स्थापित गर्नसक्छ ।

आफ्नो संस्कृति सुहाउदो र आवश्यक पोषणस्तरयुक्त पर्याप्त खाद्यमाथिको जनताको पहँच सुनिश्चित गर्नु सरकारको दायित्व हो । कम्तिमा सरकारले के कस्ता आधारभूत खाद्यबाट जनताको पोषण आवश्यकता (जस्तै प्रोटिन, कार्वोहाइड्रेड, भिटामिन आदि) पूरा हुन्छ, अध्ययन गर्नुपर्दछ । यसले देशका सम्पूर्ण जनतालाई भरपूर खाद्य आपूर्ति गर्ने व्यवस्था मिलाउनुका साथै ती खाद्यहरू जनताको क्रय क्षमताभित्र प्राप्त हुने स्थिति सिर्जना गर्नु पर्दछ । यो सिद्धान्तले मजदुर तथा अन्य जनताहरूको ज्याला तथा आय खाद्य किन्ने क्षमता पूरा गर्ने स्तरको हुनु पर्ने सरकारी प्रतिबद्धताको माग गर्दछ । यो उत्तरदायित्वभित्र देशका प्राकृतिक प्रकोप प्रभावित क्षेत्रमा बसोबास गर्ने जनताको खाद्य सुरक्षा सुनिश्चित गर्ने तथा आवश्यक खाद्य सामग्री उपलब्ध गर्न सक्ने आधारभूत साधन नभएका समाजका विपन्न वर्गलाई खाद्य सुरक्षा दिनुपर्ने समेत पर्दछ ।

## २. खाद्य सुरक्षा सुनिश्चिता र सरकारको भूमिकाः

विश्व बैङ्कको तथ्याङ्कहरूले के प्रष्ट्याउछ भने झण्डै विश्व जनसङख्याको आधाभाग वा २ अर्व ८० करोड जनता दैनिक २ डलर भन्दा कम आम्दानीमा बाच्न वाध्य छन् । यसले सरकारको ग्रैह्र जिम्मेवारी र खाद्य सुरक्षाविहीन स्थिति नै दर्शाउछ । अझ आपत्तिजनक स्थिति कहाँनेर देखिन्छ भने वढ्दो असमानताले प्रतिवर्ष यो स्थितिलाई अझ गहिरो खाडलतिर धकेल्दै लगेको छ । तेस्रो विश्वका १४९ अविकसित देशहरू मध्ये १०५ मुलुकहरू खाद्यान्नका अभावका कारण खाद्य आयात गर्न बाध्य छन् । यी मुलुकहरूमा आफुलाई

आवश्यक पर्ने खाद्य उत्पादन गर्ने साधन छैन । उनिहरू आयातित खाद्यमा नै निर्भर रहन बाध्य भएका छन् ।

माथि उल्लेखित दुई आधारभूत कारणहरूलाई एकै ठाउमा राखेर हेर्दा गम्भीर खाद्य असुरक्षाको स्थिति प्रष्ट हुन्छ । तर सरकारहरू भने यस्तो स्थितिमा पनि जनताको खाद्य अधिकारको सम्मान तथा प्राथमिकीकरण गर्नुको सट्टा, देशभित्रका धनी वर्ग, ठूला जमिन्दार तथा व्यापारिक प्रतिष्ठानहरूको आवश्यकता पूरा गर्न तथा वैदेशिक नाफाखोरहरूको हित संरक्षण गर्ने तर्फमात्र तल्लीन देखिन्छन् ।

यसले खाद्य सुरक्षा सरकारको न्यूनतम दायित्व भित्रसमेत नपरेको कटु सत्य उजागर गर्दछ । जनताको कल्याण तथा जीवन रक्षा गर्ने उत्तरदायित्वबाट सरकार पन्छिरहेको देखिन्छ । फलत हामी जनअधिकारको उल्लघंन् र मुनाफा संचयका लागि काम गर्ने गैह्र जिम्मेवार र उदासिन सरकारलाई काँधमा बोकिरहेका छौ ।

यतिखेर आफूलाई प्रजातान्त्रिक भन्न रुचाउने सरकारहरूले प्रष्ट के बुझ्नु पर्छ भने जनताको आधारभूत कल्याणको घेराभन्दा ...................... पर्ने बेला आएको छ । जनअधिकारमा आधारित सोचअनुरुप अगाडि बढ्नु पर्छ । जनताको मानवअधिकारलाई सम्मान गर्ने जगमा नै जनकल्यणको अभिवृद्धि हुन्छ भन्ने बुझ्नु पर्दछ । यो सिद्धान्ततः विभिन्न देशका प्रजातान्त्रिक संविधानहरूमा प्रतिबिम्वित भएको छ जसको आधारमा सरकारले आफ्ना नीति तथा कार्यक्रमहरू निरुपण गर्ने गर्दछ । खाद्य तथा कृषि सम्बन्धी आधारभूत विषयका सन्र्दभमा आधुनिक सरकारहरूले खाद्य सुरुक्षालाई जनताको खान पाउने मौलिक हकको रूपमा सम्मान गर्नु पर्छ

जनताको खान पाउने अधिकार मानवअधिकार त्यो आधारभूत अधिकार हो जसको प्रत्यक्ष सरोकार बाँच्न पाउने अधिकारसँग सम्बन्धित छ, किनभने खाद्य बाँच्नको लागि अति आवश्यक छ । त्यसकारण खाद्य सम्बन्धी अधिकार आधारभूत मानवअधिकार हो जसको अन्तरंग सम्बन्ध जनताको बाँच्न पाउने अधिकारसँगै घनिभूत रहन्छ । खाद्य सम्बन्धी अधिकारको आधारमा नै जनताका अन्य अधिकारहरू प्राप्त हुन्छन् किनभने हरेक व्यक्तिले उत्पादनशील ढङ्गबाट जीवन निर्वाह गर्न पहिले खान पाउनु पर्छ ।

विश्वव्यापी मानवअधिकारको घोषणाले हरेक मानिसको खाने,बसोबास गर्ने ,जीवन निर्वाह गर्ने र पर्याप्त स्वास्थ्य सुविधा पाउने अधिकारको संरक्षण (ग्यारेण्टी) प्रदान गर्दछ । यसको तात्पर्य भोक र आवास विहिनता मानव अधिकारको ठाडो उल्लङघन हो किनभने हरेक मानिसको सम्मानपूर्वक जिउने अधिकार सुरक्षित छ । जीवन निर्वाहको अधिकार र मानवका रूपमा आफुमा निहित सम्पूर्ण क्षमता विकासका लागि आवश्यक पर्ने सुविधाको प्रवन्ध हरेक मानिसको अधिकारको विषय हो ।

यो विषयमा विश्वव्यापी मानव अधिकार घोषणा विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा संविधानहरूद्धारा कानूनीरूपमा वाध्य गराईएका छन् । यस्ता अन्तर्राष्ट्रिय महासन्धिहरू मध्ये **आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा** खाद्य अधिकारलाई स्पष्टरूपमा सम्बोधन गरिएको छ ।

संयुक्त राष्ट्रसघंको खाद्य अधिकार सम्बन्धी विशेष मस्यौंदा प्रतिवेदनअनुसार **–खाद्य अधिकारको अर्थ हरेक व्यक्तिको विनाअवरोध निर्वाधरूपमा आफ्नो सांस्कृतिक परम्पराअनुसार आवश्यक पर्ने परिमाणात्मक र गुणात्मकमात्राको पर्याप्त खाद्य प्रत्यक्ष वा वित्तिय साधनद्धारा किन्न सक्ने अवस्थाको नियमित, स्थायी र वाधाविरोधविनाको पहुँचको अधिकारलाई जनाउछ जुन व्यक्तिका लागि शारिरीक तथा मानसिक, व्यक्तिगत तथा सामुहिकरूपमा सम्मानित, स्वतन्त्र र चिन्तारहित जीवन निर्वाहको परिपूर्ति गर्न आवश्यक पर्दछ ।**

सङ्क्षेपमा, खाद्य अधिकार भन्नाले हरेक व्यक्तिको मात्रात्मक तथा गुणात्मक रूपमा पर्याप्त खाद्य प्राप्त गर्ने क्षमता तथा पहुँचलाई जनाउछ । अर्को शब्दमा यसको अर्थ आफ्नो बालीबाट प्राप्त हुने आय अथवा अन्य आय आफुलाई आवश्यक पर्ने खाद्य किन्ने क्षमता बराबर हुनपर्ने अधिकारद्धारा सम्पन्न हुनु हो ।

## ३. खान पाउने अन्तर्राष्ट्रियस्तर र अधिकार स्थापित छ तर अझैपनि धेरै मानिसहरू खान नपाएर मर्दैछन्

खाद्य सम्बन्धी अधिकारलाई धेरै सरकारहरूले एकातिर पन्छाउदै उल्लङघन गर्ने गरेका छन् किनभने जमिन्दारहरू तथा विदेशी नाफामूलक निगमहरू लगानी र मुनाफाबाट धन आर्जन गर्न खाद्य तथा कृषि क्षेत्रको नियन्त्रण गर्ने गर्दछन । वास्तवमा जनताका मानवअधिकारहरूलाई साँचो अर्थमा सम्मान गर्ने, प्रर्वद्धन गर्ने, परिपूर्ति गर्ने र रक्षा गर्ने कुनैपनि काम गरिएका छैनन् । आफ्नो अर्थतन्त्रलाई विकासको गतिमा अगाडि बढाउने नाममा यी सरकारहरू बजारमुखी भएका छन् र यसका लागि स्थानीय टाठाबाठा, जमिन्दारहरू तथा विदेशी निगमहरूमा भर पर्ने गर्दछन् । फलस्वरुप हाम्रो समाज जमिन्दार र विदेशीहरूको शोषण तथा सत्तासीनहरूबाट नियन्त्रित र अपहेलित छन् । सम्पूर्ण जनता र समुदायहरू शोषितपिडीत छन् र उनीहरूका कृषि तथा खाद्य उत्पादन सम्बन्धी प्रयासहरू शोषक वर्गका मुनाफा वृद्धि गर्न उपयोग गरिएका छन् ।

**खाद्य अधिकार विभिन्न तरिकाबाट उल्लङघन गरिएका छन् –**

(क) व्यापारी र विदेशी निगमहरू आधारभूत खाद्य वस्तुहरूको मूल्यलाई जनताको आयस्तरभन्दा धेरै माथि उठाउछन् र किसानका उत्पादनको मूल्यमा भने मन्दी गराउछन

(ख) सामन्ति शोषणले किसान तथा खाद्य उत्पादकहरूको गरिबीको अवस्थालाई झनझन् खराब बनाएको छ । फलस्वरुप तिनीहरू अन्न खरिद गर्न र खरिद गर्ने गरी आय आर्जन गर्न सक्दैनन् । भोक र कुपोषण खाद्य अधिकारको ठाडो उल्लङघन हो । त्यसकारण सर्वसाधारण जनताको पर्याप्त आय र सो आयबाट किन्न सकिने स्तरको खाद्यवस्तुको मूल्य व्यवस्थित गर्नु सरकार र समाजको उत्तरदायित्व हो ।

जनता अत्यन्त गरिब रहेको विषम परिस्थितिमा खाद्यवस्तुहरूको न्यूनतम मूल्य तोक्नु र खरिद गर्न नसक्नेका लागि निशुल्क वितरण गर्नु पनि सरकारको दायित्व हो । प्राकृतिक प्रकोप वा अन्य आपतकालमा यसबाट प्रभावित जनतालाई खाद्य सामग्री सहयोग स्वरुप प्रदान गर्नु पनि सरकारी दायित्वभित्र पर्दछ ।

अर्ध सामन्ती र अर्ध औपनिवेशिक अर्थतन्त्र भएका मुलुकहरूमा ठूला जमिन्दारहरूले जमिन हडप्नु, कृषि तथा जल खेतिका साधनमाथि शोषण गर्नु, खेतबाट कुत असुल्नु, चर्को व्याज लगाउनु र वटवारा मोही प्रथाबाट खाद्य उत्पादनको बाली हडप्ने जस्ता कार्यहरू अझैसम्म भैरहेका छन् । गाउक्षेत्र र शहरीक्षेत्रमा पनि पिछडिएको उत्पादन प्रक्रिया, गरिबी र भोक प्रशस्त देखिनुको पछाडि यही कारण रहेको छ ।

हालसाल स्रोत साधनहरूको निजीकरण, ठूला वाँधहरूको निर्माण तथा बिशाल वनस्पति खेतिक्षेत्रको विकास, जल खेति तथा अन्य नयाँ-नयाँ तरिकका मुनाफजन्य कृषि निगमका रणनीतिहरूले हाम्रा पवित्र जल, जमिन, जङ्गल तथा अन्य सामुदायिक स्रोत साधनहरू ध्वस्त पारेका छन् । खाद्य उत्पादनका लागि जमिनको भाग घट्दै गैरहेको छ । जमिन तथा संसाधनहरू कृषकको नियन्त्रणबाट बाहिरिदै छन् । फलस्वरुप गरिबहरू झन गरिब हुदै छन् । चर्को मूल्यमा खाद्यान्न आयात गरिन्छ । जुन सांस्कृतिकरुपमा अनुपयुक्त र असुरक्षित पनि छन् । यसरी भोक र कुपोषण जतातत्तै बढेको छ ।

## ४. खाद्य अधिकार, खाद्य उत्पादन अधिकारसँग गाँसिएको छ

जनताको खाद्य सम्बन्धी अधिकारको सम्मान भनेकै हरेक व्यक्तिको खान पाउने र खाद्य उत्पादन गर्न पाउने अधिकार स्वीकार गर्नु हो । यसभन्दा पनि महत्त्पूर्ण कुरा के छ भने यो अधिकारको घनिष्ट सम्बन्ध कृषक, कृषि मजदुरहरू र यस्तै जनताहरूको खाद्य उत्पादनकालागि आवश्यक स्रोत साधानहरूमाथि पँहुच र नियन्त्रणलाई प्रभावकारी सुरक्षा प्रदान गर्नु हो ।

खाद्यमा सम्प्रभुताको वास्तविक अर्थ जनताको खाद्य सम्बन्धी अधिकार सुरक्षित गर्नु हो । बिडम्बना भोकाएका जनतालाई समेत निषेध गरी सरकारका खाद्य गोदामहरूमा थुपारिएका खाद्य सामग्रीको दावी गर्नु, जमिन्दारहरूले ओगटेका जमिनको पुनर्वितरण कार्यमा जनताको सामुहिक शक्ति स्थापित गर्नु पनि हो । खाद्य अधिकार भन्नाले यसको सम्मान र प्रर्वद्धनको आश्वासनमात्र नभएर यसबाट वास्तवमा नै जनताहरू लाभान्वित हुनुपर्दछ । खाद्य सम्प्रभुता वा खाद्यमाथि जनताको नियन्त्रणको खास सार यो नै हो ।

किसान र अन्य खाद्य उत्पादकहरू यी अधिकारहरू पुनर्प्राप्ती गर्न र आफूमा निहित राख्न लामो समयदेखि संघर्षरत छन् । यस संघर्षबाट उनीहरू विश्वव्यापीकरण शोषण र दमनका सबैखाले

हतकण्डाहरूबाट मुक्त हुन चाहन्छन् । यसबाट नै मानवअधिकारको अभिवृद्धि, खाद्य अधिकारको प्रर्वद्धन तथा खाद्य उत्पादन सम्बन्धी अधिकारको सम्मान र बाँच्न पाउने अधिकारको सुरक्षा हुनेछ ।

## ५. हामीले किन खाद्य सुरक्षाको सट्टा खाद्य सम्प्रभुताको पक्षमा संघर्ष गर्नु पर्छ ?

खाद्य सुरक्षा जनता वा समाजको खाद्य आवश्यकताको पर्याप्ततासँगमात्र सम्बन्धित विषय हो । यसले खाद्य सुरक्षाको विषयलाई उच्च सम्मानकासाथ उठाए तापनि यसले जनताको खाद्य तथा खाद्य उत्पादन सम्बन्धी अधिकारको सुरक्षण गर्दैन ।

खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्ने खाद्य अधिकार सरकारको एउटा उद्देश्य मात्र हो । तर जनताले पर्याप्त खाद्य पाउने अधिकार सुनिश्चित गर्नुपर्ने सरकारको भूमिकालाई देशभित्रका शासक वर्ग र विदेशी नाफामूलक प्रतिष्ठानहरूले यर्थाथमा सम्मान गरेका छैनन् । जबसम्म जमिन्दार, तिनीहरूका मतियारहरू र विदेशी नाफाखोर व्यापारिक प्रतिष्ठानहरूको थिचोमिचो किसानहरू र साना खाद्य उत्पादकहरूमाथि रहिरहन्छ, सरकारद्धारा सञ्चालित खाद्य उत्पादन तथा वितरणको कार्यक्रमले जनताको पोषण तथा खाद्य आवश्यकताको समस्या समाधान गर्न सक्दैन । यसले खाद्य आपूर्तिका लागि जनताको जमिन जोत्ने अधिकारको सम्मान गर्दैन ।

सरकारहरू यस्तो विश्वव्यापीकरण सम्बन्धी सोचको पक्षपोषण गर्दछन् जसले अझ बढी उदारीकरण र बजार अर्थतन्त्रमा भर पर्दा नै खाद्य सुरक्षणलाई संरक्षण गर्न सकिन्छ भन्ने दृष्टिकोण राख्दछन् । उनिहरूका अनुसार निर्यातका लागि गरिएका उत्पादनबाट प्राप्त डलर आय र उदारीकरणले आधारभूत आवश्यक चामल जस्ता वस्तुहरू आयातबाट खरिद गर्ने क्रयशक्ति प्रदान गर्दछ जुन चिजविजहरू अन्य देशहरूमा त्यसै थुप्रिएर रहेका छन् । यस प्रकारको व्यवस्थापनमा आफ्नो देशको साना तथा पिछडिएको प्रणालीमा भर पर्नुपर्ने कुनै आवश्यकता नरहेको उनीहरूको तर्क छ ।

विशाल कृषि-व्यवसायिक प्रतिष्ठानहरू यस प्रकारको विश्वव्यापी खाद्य सुरक्षा रणनीतिद्धारा खेतियोग्य जमिनमाथि एकाधिकार जमाउन र कृषिलाई अर्ध उद्योगमा परिणत गर्न अझ बढि वल प्राप्त गर्दैछन् । अर्कोतिर साना खाद्य उत्पादन तथा कृषिक्षेत्र अझ बढि अधोगतितिर धकेलिएको छ भने खाद्य उत्पादनमा आत्मनिर्भरता खस्कदो अवस्थामा रहेको छ ।

खाद्य सम्प्रभुताको सिद्धान्त तथा अवधारणाको लोकतान्त्रिक स्वरुप कार्यान्वयन गर्दा जनताका आकांक्षा तथा स्वार्थको पक्षपोषण उन्मुख हुन्छ । खाद्य सम्प्रभुताको अवधारणाले जनताको खाद्य सुनिश्चितताको संरक्षण गर्ने मात्र होइन कि खाद्य उत्पादकहरूको उत्पादनका साधनमाथिको अधिकार समेत वास्तविक रूपमा खाद्य सुरक्षा प्राप्त गर्न सुनिश्चितता प्रदान गर्ने गर्दछ । खाद्य सम्प्रभुताले जनताको आत्मनिर्णयको अधिकार प्राप्त गर्ने कुरामा जोड दिन्छ र उनीहरूको आफ्नै परिश्रम तथा वाहुबलमा खाद्य उत्पादन गर्ने परिपाटिमा आश्वस्त राख्दछ ।

## ६ जनताको आन्दोलनले अघि सारेका खाद्य सम्प्रभूता सम्वन्धी तात्कालिक माग तथा विषयहरू :

खाद्य सम्प्रभूताको अवधारणा व्याख्या गर्ने क्रममा माथि के भनियो भने यसको वृहत् तथा दीर्घकालीन उद्देश्य भनेको खाद्य तथा कृषि उत्पादनमा जनताको प्रजातान्त्रिक अधिकार स्थापित गर्नु हो । खाद्य सम्प्रभूताभित्र जनताको खाद्य तथा उत्पादन सम्बन्धी सर्वमान्य सिद्धान्त तथा मागहरू पर्दछन् ।

यसकारण खाद्य सम्प्रभूता प्राप्त गर्न दीर्घकालिन संघर्ष गर्नु पर्ने हुन्छ । यो संघर्ष भनेको खाद्य सम्प्रभुता प्राप्त गर्न जनताको खाद्य सम्बन्धी मौलिक हक र खाद्य उत्पादन गर्ने अधिकारको संस्थापन गर्नु हो । तर संघर्षलाई अगाडि बढाउन जनताका दैनिक जनजीवीकामाथि प्रभाव पार्ने खाद्य तथा खाद्य उत्पादन सम्बन्धी निश्चित नीति, कार्यकम तथा विषयहरू उठाउनु अनिवार्य हुन्छ । खाद्य सुरक्षा नै वैज्ञानिक जगतको खाद्य तथा कृषि सम्बन्धी नीति निर्माणको मार्गदर्शक सिद्धान्त हुनु पर्दछ । वास्तवमा यसो गर्दा नै जनताको खाद्य तथा खाद्य उत्पादन सम्बन्धी हक तथा स्वतन्त्रताको प्रतिष्ठापन हुन्छ ।

खाद्य सुरक्षाले समेटेका यस्ता धेरै सवालहरू छन जो खाद्य तथा कृषिनीतिको मार्गदर्शक सिद्धान्त हुन सक्दछन ।

हरेक व्यक्तिले पोषणयुक्त, सुरक्षित र आफ्नो संस्कृतिअनुरूपको यथेष्ट खाना खान पाउने व्यवस्था निश्चित हुनु पर्दछ । समुदायलाई आबश्यक पर्ने पर्याप्त खाद्य भण्डारणको व्यबस्था सुनिश्चित हुनु पर्दछ र

सर्वसाधारण नागरिकले आफ्नो क्रय क्षमताभित्रको मूल्यमा किन्न पाउने प्रभावकारी खाद्य कार्यक्रम लागु हुनु पर्दछ ।

हरेक परिवारलाई खाद्य सुरक्षा प्रदान गर्न सरकारले यस्ता परिवारको खाद्य आवश्यकताको पूरा गर्न आवश्यक पर्ने पर्याप्त आय आर्जन गर्ने व्यवस्थाको सुनिश्चितता गर्नु पर्दछ । उदाहरणका लागि मूल्य नियन्त्रण ऐन तर्जुमा गरी यस्तो कार्य व्यवस्थित गर्न सक्दछ जुन ऐनले तोकेको मूल्यभन्दा बढि मूल्य लिन आधारभूत खाद्य सामग्री जस्तै चामल, मासु, सागपात, माछा, फूल, दुध आदि मा वन्देज लगाउने छ । सरकार तथा समुदायले समाजका गरीब मध्येका गरीबहरूको खाद्य आवश्यकता पूरा गर्न खाद्य सामग्रीहरू न्यूनतम् मूल्यमा वा निशुल्क वितरणको व्यवस्था मिलाउनु पर्दछ ।

आवश्यक खाद्य सामग्रीको सुरक्षित भण्डारण तथा हरेक व्यक्तिले चाहेको बेला पाउन सक्ने अवस्था सुनिश्चित गर्नुका साथै समुदाय, समाज र सरकारले यस प्रकारको सर्वमान्य व्यवस्था मिलाउनु पर्दछ कि प्राकृतिक प्रकोप वा अन्य कारणबाट उत्पन्न सङकटको वेलामा पनि हरेक व्यक्तिको खाद्य आवश्यकतामाथिको पहुँच यथावत कायम रहोस ।

हरेक नागरिकको कृषि व्यवसाय तथा अन्य उत्पादनशील कार्यमा संलग्न हुने प्रयास र तत्परतालाई उसको हकको रूपमा मान्यता दिनु पर्दछ । खाद्य उत्पादन कार्यक्रमहरूमा इच्छुक नागरिकहरूलाई सहभागी गराउने वातावरण सिर्जना गर्नु पर्दछ । यस्ता कार्यक्रमहरूको लक्ष्य निर्यातमुखि भन्दा खाद्य उत्पादनमा आत्मनिर्भरतातर्फ केन्द्रित हुनु पर्दछ ।

खाद्य उत्पादनमा आत्मनिर्भर कार्यक्रमको मुख्य विशेषता नै वहुसङख्यक साना किसान तथा खाद्य उत्पादकहरूको शसक्तीकरण नै  हो । वास्तविक तथा जनमुखी कृषि सुधार कार्यक्रम लागू गर्नुको अर्थ पुरूष तथा महिला कृषक वर्ग र अन्य साना खाद्य उत्पादकहरूको आधारभुत उत्पादनका संशाधन माथि पहुँच र नियन्त्रण कायम गर्नु हो ।

खाद्य उत्पादनको उपयुक्त प्रविधि, साना उत्पादकहरूको आवश्यकता र क्षमताअनुरूप विकास तथा कार्यान्वयन कार्यक्रम तर्जुमा गर्नु सरकारको उत्तरदायित्व हो । उपयुक्त प्रविधि विकास तथा प्रचारप्रसार एवं साना खाद्य उत्पादनको लागि पुँजीगत संसाधनको व्यवस्था गर्नु पनि सरकारको उतरदायित्वभित्रै पर्दछ ।

माथि भनिएका खाद्य उत्पादन तथा खाद्य वितरण कार्यक्रमहरूलाई समर्थन तथा प्रवर्धन गर्नु स्थानीय वा अन्तर्राष्ट्रिय व्यापार तथा पुँजी परिचालन नीतिको उद्देश्य हुनु पर्दछ । यी नीतिहरू विभिन्न प्रकारका अनुदान, समर्थन र संरक्षण प्रदानगर्ने खालको हुनु पर्दछ । यस्ता नीतिहरू व्यापार र पूँजी सम्बन्धी सन्धि संझौताका विषय मात्र हुँदैनन् । त्यसकारण विश्व व्यापार संगठनका यस्ता सम्झौताहरू तथा अन्तर्राष्ट्रिय मुद्रा कोष एवं विश्व बैङ्क संरचनात्मक समायोजन कार्यक्रम अन्तर्गत ठूला, बहुराष्ट्रिय निगमहरूको व्यापार र लगानीका क्षेत्रहरू अन्धाधुन्ध रूपमा खोल्ने उद्देश्यद्धारा प्रेरित अन्य सबै प्रावधानहरू तत्काल रोकिनु पर्दछ ।

वातावरणीय रूपमा दिगो विकासको कृषि तथा उत्पादन प्रणालीको विकास गर्नु पनि सरकारको उतत्तरदायित्व हो । यस्ता खाद्य तथा कृषि कार्यक्रमहरूले आमजनताको स्वास्थ्यको, उपभोक्ताको हकहित र वातावरणको संरक्षण गर्न सक्नु पर्दछ । खाद्य तथा कृषि कार्यक्रमहरू, किटनाशक औषधि र जैविक प्रविधिगत खाद्य र बाली विरूवा सावधानिपूर्वक मात्र उपयोग गर्ने सिद्धान्तमा आधारित हुनु पर्दछ । यस्ता पुर्व सावधानी सिद्धान्तहरूले उपरोक्त विषयहरूमा कार्यकारण सम्वन्धको वैज्ञानिक व्याख्या गर्न नसकेता पनि ती विषयहरूको वैज्ञानिक मूल्याङ्कनले चनाखो भई सरोकार राख्नपर्ने तर्फ औल्याएका छन । यदि यस्तो सावधानीपूर्ण सरोकार राख्न पर्ने देखिन्छ भने ती उत्पादनहरूको व्यापारीकरण र प्रयोग रोकिनु पर्दछ ।

## ७ खाद्य अधिकारको सुरक्षण गर्न सरकारले तय गर्नुपर्ने नीति तथा कार्यक्रमहरू :

**७.१ पोषण** : आम नागरिकको पोषण तथा खाद्यमाथि पँहुच कायम राख्न र उनीहरूको संस्कृति तथा रूचिअनुसारको खाना पर्याप्त मात्रामा परिपूर्तिगर्न समाजले प्रभावकारी खाद्य नीति तथा कार्यक्रम तर्जुमा गर्नु पर्दछ । सरकारले खाद्य र पोषण सम्बन्धी आधारभूत आवश्यकता पूरा गर्न विस्तृत अध्ययन गर्नु पर्दछ

। यस प्रकारका अध्ययनले परिवारको आधारभूत खाद्य आबश्यकताको निरूपण गर्दछ र यसका लागि आवश्यक पर्ने न्यूनतम आयस्तर निर्धारण गर्दछ ।

**७.२ सुलभ खाद्यः** सरकारले आधारभूत खाद्यको मूल्य सर्वसाधारणको क्रय क्षमताभित्र सुनिश्चित गर्नु पर्दछ । यसका लागि आधाभूत खाद्य उत्पादन उत्पादकहरूबाट किन्न र बजारमा विक्री वितरण गर्न अधिकार पाएका सहकारी संस्थानहरूले न्युनतम मूल्यमा विक्री गर्नुपर्छ । केही मुलुकहरूमा व्यवस्थापिकाले ऐन तथा नियमहरू बनाई सोहीअनुसार आधारभूत खाद्य वस्तुहरूको विक्री मूल्य तोक्ने व्यवस्था पनि गरेको छ । यसले व्यापारीहरूलाइ तोकिएको मूल्यभन्दा बढि मूल्य लिन रोक लगाउछ ।

यसकारण खाद्य र कृषि व्यवस्थापन गर्ने कामका सन्दर्भमा सरकार र सरकारी निकाय आरोपित हुनु स्वाभाविकै हो । बिदेशी ऋणमा चुर्लुम्म डुवेका मुलुकहरूमा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्कले माथि उल्लेखित निकायहरूलाई निजीकरण गर्न दवाव दिन्छ । निजीकरण पश्चात स्थानीय तथा विदेशी पुँजीपतिहरू खाद्यान्न व्यापारबाट अधिक मुनाफा कुम्ल्याउन पूर्ण स्वतन्त्र रहन्छन । विश्व्यापीकरणका पक्षधरहरू मूल्य नियन्त्रण ऐनको विरोध गर्दछन । यसमा उनीहरूको तर्क के छ भने मूल्य नियन्त्रणले लगानी प्रोत्साहित गर्दैन । यही कारण हो कि संरचनात्मक समायोजन कार्यक्रम अन्तर्गत बस्तुको मूल्य विनियमित गरिन्छ । मुनाफामुलक व्यापारिक विश्वव्यापीकरणले सरकारको खाद्यान्न मूल्यलाई न्युनतम राख्ने नीति तथा कार्यक्रम खारेजी गराउछ ।

**७.३ गरबी, मजदुरी र आम्दानीः** सर्वसाधारण नागरिकको आफ्नो आवश्यकता अनुसारको खाद्य किन्न पुग्ने आयआर्जन व्यवस्थापन धरापमा परेको छ । यसैकारण सरकारले गरिबीको रेखा वा गरिबीको तह निर्धारण गर्दछ । यसले समाजको कति प्रतिशत जनताको मात्र खाद्य किन्ने क्षमता छ भन्ने मापन गर्दछ ।

सरकारको उत्तरदायित्वभित्र नागरिकको जीविकोपार्जन सुनिश्चित गर्ने र तिनका बालबालिकालाई खुवाउने तथा कुपोषणबाट मुक्त राख्न आवश्यक पर्ने पर्याप्त आयआर्जनको व्यवस्था समायोजन समेत पर्दछ ।

गरिबीको रेखाको अर्को उपयोग परिवारको यथेष्ट खाद्य तथा अन्य आधारभूत आश्यकताको परिपुर्ति स्तरको समेत मापन गर्न समेत प्रयोग गरिन्छ । तर यो स्तर विश्व बैंकको निर्देशनमा सरकारले गरिबी विरूद्धका सेवा तथा कार्यक्रमहरू छाड्न बाध्य गरेका कारण अत्यन्त न्यून स्तरको रहने गरेको छ । त्यसकारण गरिबीका परिसूचकहरू इमान्दारीपूर्ण, पारदर्शी र वास्तविक रूपमै खाद्य उपभोग तथा उत्पादन अधिकारबाट वञ्चित रहेकाहरूको प्रतिनिधित्व गर्ने खालको हुनु पर्दछ ।

**७.४ खाद्य समर्थन कार्यक्रमः** हरेक मुलुकका स्थानीय समुदायहरू तथा अन्य मुलुकहरूका गरिबी,आर्थिक विस्थापन, प्राकृतिक प्रकोप वा अन्य कारणबाट भोकमरीको चपेटामा परेकाहरूलाई समर्थन गर्न तत्पर रहनु पर्दछ । सरकारले गरिबको पक्षमा खाद्य वितरण कार्यक्रम सञ्चालन गर्नु पर्दछ । आपतकालमा र आँधीबेहरी, भूकम्प, खडेरी, बाढी वा सैनिक कारवाहीबाट बास उठाइमा परेका जस्ता प्रकोप पीडितहरूका लागि खाद्य वितरण कायक्रम व्यवस्थित गर्नु पर्दछ ।

यस्तो उत्तरदायित्व अन्तर्राष्ट्रिय तहमा धनी देश वा सामर्थवान देशहरूले अनिकाल पीडित गरिब देशलाई समर्थन गरी निर्वाह गरेको देखिन्छ । यसलाइ खाद्य सहयोग भनिन्छ । खाद्य सहयोग अफ्रिकाका खाद्य समस्या र गृहयुध्दमा फसेका धेरै मुलुकहरूमा लगातार पठाइने गरेको छ । खाद्य सहयोग साधारणतया आपतकालीन सहयोग हो जो प्राकृतिक वा अन्य प्रकोप पीडित ठाउँहरूमा पठाइन्छ । यसको समालोचनात्मक विश्लेषण गर्दा सरकारले गर्ने गरेका पीडितका लागि खाद्य सहयोग कार्यक्रम उदासिनतामा परेको देखिन्छ । खाद्य सहयोग अक्सर क्षेत्रीय संस्कृति र जनरूचि विपरित हुने गरेको छ ।

जनताको निमछ्रोपनका कारण गरिब मुलुकहरू, समुदायहरू र प्रकृतिप्रकोप पीडितहरूको अधिकारको खाद्य सहयोगले सम्मान गरेको पाइँदैन । दाता राष्ट्रहरू र धनी मुलुकहरू के सम्झन्छन् भने स्थानीय वा कहिका पनि निमछरोपनमा रहेका मानिसहरूको खाद्य तथा अन्य आवश्यक सामग्री छान्ने अधिकार नै हुँदैन । यो भन्दा पनि निकम्मा कुरा के छ भने धनी-देशहरूले खाद्य सहायतालाई गरिब देशको खाद्य रूचिलाई नै परिवर्तन गर्ने माध्यमका रूपमा प्रयोग गर्ने गरेका छन जसबाट तिनीहरू यस प्रकारको खाद्य उत्पादन आयात गर्न बाध्य हुन्छन । उदाहरणका लागि अफ्रिकका कतिपय मुलुकहरूमा मकै नै मुख्य

आहार हुने गर्दथ्यो, तर धनी देशहरूले ती मुलुकमा खाद्य सहयोगको नाममा चामल पठाउदा पठाउदा खाने बानीनै परिवर्तन भएर खाद्यान्नको लागि चामलनै आयात गर्न बाध्य हुन थालेका छन ।

धनी देशहरूले गरिब राष्ट्रमा बलजफति अधिक खाद्यान्न थुपार्ने सवालले यस्ता खाद्यान्नहरू मानव उपभोग योग्य नरहेको वा जैविक रूपमा रूपान्तरित उत्पादन भएको सम्वेदनसिलतालाई उजागर गरेको छ। खाद्य सहयोग दाता राष्ट्रको इच्छामुताविक खासखास उत्पादन मात्र दिने कुरामा सीमित रहनु हुँदैन । आवश्यकता परेको खण्डमा यस्तो सहयोग बित्तिय सहायताको रूपमा दिने व्यवस्था पनि हुनु पर्दछ।

## ८. खाद्य उत्पादनको अधिकारको सुनिश्चितताः

खाद्य सम्प्रभूताको अवधारणाले जनताको खाद्य सम्बन्धी हक र खाद्य उत्पादन अधिकार अन्योन्याश्रित रहेको तथ्यलाई सम्मान गर्दछ । जनताको बाँच्न पाउने अधिकारको सम्मानका खातिर खाद्यान्न किन्न पुग्ने पर्याप्त आयआर्जन गर्ने क्षमता वा खाद्य उत्पादन गर्न पाउने अवसरको संस्थापन हुनुपर्दछ। खेती गर्न चाहने जो कोहीलाई पनि खेती गर्ने अवसर प्रदान गर्नु पर्दछ।

जीवन निर्वाहका लागी तल्लो स्तरको प्रविधि प्रयोग गर्ने कृषि प्रधान मुलुकहरूका सन्दर्भमा यो सवालले विशिष्ट महत्त्व राख्दछ किनभने यी देशका वहुसङख्यक नागरिक साना किसानका रूपमा कृषि र माछापालनमा निर्भर रहेका छन्। यसमा पनि खाद्य उत्पादकहरू मध्ये सबभन्दा ठूलो प्रतिशत उनीहरूको रहेको छ। खाद्य सम्प्रभूताले मुख्यरूपमा यी क्षेत्रहरूप्रति सम्वोधन गर्दै उत्पादनका जमिन र औजार जस्ता उत्पादनका स्रोतहरूमाथिको उनीहरूको अधिकारको संरक्षण गर्दछ। यसले गर्दा तिनीहरू आफ्ना लागि र आफ्नो समाजको लागि समेत खाद्य उत्पादन गर्न सक्नेछन्।

अर्कोतिर के कुरा घामलागे जत्तिकै प्रष्ट छ भने गरिब मुलुकहरूमा रहेका बहुसङख्यक किसान तथा अन्य खाद्य उत्पादकहरूको खाद्य उत्पादन हक अधिकार सुरक्षित गर्न नसके खाद्य सुरक्षा र खाद्य अधिकारको कुनै मतलव रहने छैन । विकसित मुलुकहरूमा पनि उनीहरूलाई राज्यले निकै समर्थन दिइरहेको छ जव की ती देशहरूमा जनविरोधी र साना किसानको जीविकोपार्जनको साधनमाथि प्रहार गर्ने मुनाफाखोर कृषि व्यावसायिक निगममुखी नीतिहरू अवलम्वन भएका छन्।

### ८.१ भूमिमाथिको वास्तविक अधिकार

कुनै पनि समाजको महत्त्वपूर्ण नीति तथा कार्यक्रम भन्नाले सो मार्फत खाद्य उत्पादनको अधिकार संरक्षणका लागि महिला तथा पुरुष किसानहरूको जमिन जोत्ने अधिकार संरक्षण गर्ने सिद्धान्तमा आधारित वास्तविक भूमिसुधारको कार्यान्वयन नै हो । एशियाका अधिकांश मुलुकहरूमा देखावटी भूमिसुधार कार्यक्रमहरू लागू भएछन्। तर वास्तविक भूमिसुधारले किसानको पक्षमा जमिनको वितरण गर्दछ र कृषि मजदुरको स्वतन्त्रताको रक्षा गर्दछ। योभन्दा बाहेकका, जमिनको निशुल्क वितरण गर्न नसक्ने सबैखाले भूमिसुधार कार्यक्रमहरू वाहियात हुन्।

### ८.२ कृषि सुधार कार्यक्रम

कृषिमा पूँजी र प्रविधिको समायोजन कृषि सुधारका महत्त्वपूर्ण अङ्गहरू हुन । खाद्य उत्पादकको सहयोगमा कृषि ज्यावल तथा उपकरणहरू, अनुसन्धान र विकास, कृषि सामग्रीहरू, खाद्य उत्पादनहरू तथा अन्य स्रोत साधनहरू विनियोजन गर्नु सरकारको दायित्व हो।

धेरै जसो खाद्य र खाद्य उत्पादनमा दिइएको समर्थनको बेवास्ता गरिएको छ र कथित कृषि सुधारको नाममा गरिएका अर्थहिन देखावटी कार्यमात्र भएका छन्। अर्कोतिर हरित क्रान्ति प्रविधिले खाद्य उत्पादक कृषकहरूको सम्प्रभुता र क्षमता वृद्धि गर्छ भन्ने कुरा भएको छ । खोक्रो हरित क्रान्तिको वचनबद्धताले किसानहरूलाई खतरनाक किटनाषक औषधीहरू, रासायनिक मलखादहरू तथा उन्नत विउविजनका लागि संधै परनिर्भरताको स्थितिमा पुऱ्यायो । यसरी के नभनी नहुने भएको छ भने हरित क्रान्तिका वास्तविक विजेताहरू कृषि व्यापारिक निगमहरू भएका छन्।

हरित क्रान्तिको धेरै वर्षपछि अहिले अनुवंशीय क्रान्ति आएको छ। यसले आनुवंशीक इन्जिनियरिङ प्रविधिलाई कृषिमा भित्राएको मात्र होइन की कृषि व्यावसायिक निगमहरूको कृषि योग्य जमिन र किसानमाथि थोपर्ने गरेको नियन्त्रणलाई अझ मजवुत तुल्याएको छ।

### ८.३ मुलुक र समुदायको खाद्य उत्पादन कार्यक्रम

मुलुकका विभिन्न भागमा खाद्य उत्पादन विकास सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यान्वयन गर्ने जिम्मेवारी सरकार, समाज र समुदायको हो । यस प्रकारका कार्यक्रमहरूले खाद्य उत्पादन कार्यमा संलग्न रहेका आम जनताको समर्थन गर्दछ चाहे ती कृषि भूमिमा हुन वा मत्स्य किसान हुन वा घरेलु तथा कुटिर उद्योग वा प्रक्रियान्वयन केन्द्रहरूमा हुन । यस्ता कार्यक्रमहरू साना खाद्य उत्पादकहरूको सुरक्षित र वातावरणप्रिय खाद्य उत्पादन कार्यमा सहयोग पुऱ्याउने आधारभूत सिद्धान्तमा उभिएको हुनुपर्दछ । कृषि वातावरणजन्य विकास वा कृषिको दिगो विकासका धेरै प्रकारहरू छन् जसले उत्पादकत्व माथिल्लो कोटीमा वृद्धि गर्दछ । वास्तवमा खाद्य उत्पादनको राष्ट्रिय कार्यक्रमको रूपरेखाले त्यसलाई आत्मसात गर्नुपर्दछ । सरकारले शहर वा गाउँ जहाँसुकै पनि करेसावारी तथा वगैंचा कार्यक्रमको प्रवर्द्धन गर्नु पर्छ किनभने खाद्य उत्पादन विस्तारमा यसको महत्त्वपूर्ण योगदान रहन्छ ।

खाद्य उत्पादनका कृषि वातावरणजन्य तौरतरीकाहरू प्रशस्तै छन् जसले वैज्ञानिक र सर्वाङ्ग समन्वयको दृष्टिकोण राख्दछन् । यसले स्थानीय तथा घरेलु ज्ञानलाई वैज्ञानिक प्रविधिसँग सम्मिलन गराउँदै खाद्य उत्पादकहरूका सम्पूर्ण आवश्यकताहरू परिपूर्ति गर्दछ । दुःखद कुरो के छ भने यस्ता कार्यक्रमहरूले सरकारबाट विरलै समर्थनकोष पाउँछ । यसरी कृषिवातावरण संरक्षण सिमित र सानो घेराभित्र खुम्चन बाध्य छ । अर्कोतिर, सरकार नाफाखोर ठूला निगमको संलग्न रहेको खाद्य उत्पादन तथा सेवा कार्यक्रमहरूका लागि ठूलाठूला सहयोग रकम र प्रोत्साहनहरू प्रदान गर्दछ । यही कारण हो की स्थानीय साना तथा मझौला कृषि उद्योगहरूको व्यापार खोसिदै गइरहेको छ किन भने ती ठूला निगमहरू तथा बहुराष्ट्रिय कम्पनीहरूसँग उनीहरू प्रतिस्पर्धा गर्न सक्दैनन् ।

## ८.४ व्यापार र लगानीमा खाद्य सम्प्रुभता

उत्पादकका खाद्य उत्पादनहरू उचित मूल्यमा किन्ने र उपभोक्ताको क्रयक्षमताभित्र कृषि उत्पादनको मूल्य नियन्त्रणमा राख्ने गरी व्यापारको विकास तथा व्यवस्थापन सुनिश्चित गर्नु सरकारको उत्तरदायित्व हो । प्राविधिक नोकरशाही अर्थशास्त्रीहरू के झुठो तर्क पेश गर्छन भने किसानहरू आफना उत्पादनका लागि अत्यन्त बढि मूल्य समर्थन राहतहरू माग गर्दछन- यो नै खाद्य सामग्री महंगो हुनुको मुख्य कारण हो । यथार्थमा यो साँचो होइन । व्यापारीहरू, जो ठूला जमिन्दारहरू पनि हुन कृषिसामग्रीहरूको मूल्य वृद्धि गर्दछन् र कृषि उत्पादनको मूल्य भने नाम मात्रको राख्दछन ।
बजार व्यापारीहरूको नियन्त्रणमा हुन्छ, शहरी इलाकामा बेच्दा उनीहरू खाद्य सामग्रीको मूल्य चर्को मात्रामा बढाउँछन । यसै कारणले गर्दा किसानहरू खाद्य उत्पादनहरूको बजारमा आपुर्ति र मूल्य निर्धारण नियमित गर्ने संयन्त्रको माग गर्दछन । तर यस्ता नियमनकारी संयन्त्रहरूलाई विश्व बैङ्क र एशियाली विकास बैङ्कले निर्ममतासाथ ध्वस्त पार्ने गर्दछन ।

यस प्रकार किसान तथा अन्य खाद्य उत्पादकहरूमाथि लादिएको शोषण प्रक्रियालाई बहुराष्ट्रिय कृषि व्यवसायिक निगमहरूले आयातित सस्ता खाद्य उत्पादनहरूको रास लगाइदिएर अझ अगाडि बढाएका छन । यसले कृषकहरूको आम्दानी खोसिंदै गएको छ । परम्परागत बनस्पति खेती गर्ने किसानहरूको व्यापार व्यवसाय पनि बढ्दो उत्पादन लागतका कारण  खस्कदै गएको छ ।

विश्व बैङ्कको हस्तक्षेप र व्यापार उदारीकरण सम्बन्धी विश्व व्यापार संगठनका सन्धि सम्झौताहरूलाई व्यापारीहरूले स्थानीय बजार तथा स्थानीय उत्पादनहरूले पाएको संरक्षण तथा अन्य राष्ट्रिय बजारका रक्षात्मक प्रावधानहरू निमूर्लपार्ने माध्यम बनाएका छन् । स्थानीय खाद्य उत्पादनलाई सुरक्षित राख्न आयातमा लगाएका प्रतिबन्धहरू हटाइएका छन् । फलस्वरूप मकै, चामल, सागपात, कफि, चिनी, र अरू धेरै खाद्य उत्पादनहरूको सस्तो भाउमा आयातको वाढी नै आएको छ ।

## ८.५ कृषि मजदुरको अधिकारको सुनिश्चितता

कृषि मजदुरको हकको सम्मान तथा संरक्षण गर्नु पनि सरकारको दायित्व हो- चाहे ती कृषि मजदुरहरू गाउँका सानासाना खेतमा काम गरून् वा वनस्पति खेतीमा संलग्न हुन् वा सम्बन्धित मिल र खाद्य उद्योगमा काम गरून, सबैको अधिकार सुरक्षित हुनुपर्दछ ।

किसानहरू जस्तै, खेतीहर मजदुर तथा कृषि उद्योगका मजदुरहरू पनि उनीहरूको हक हनन भै शोषणमा पिल्सिएकाछन् । अरू कामदारभन्दा खेतीहर मजदुरहरूको अवस्था अझ नाजुक छ । उनीहरूको

ज्याला सवैभन्दा कम हुन्छ, उनीहरूको कामको सुरक्षा हुँदैन, मजदुरका रूपमा उनीहरूको हक अधिकार संस्थापन भएको छैन, उनीहरूलाई संगठित हुन दिइदैन र यस्तै अरू धेरै अधिकारहरूबाट वञ्चित राखिएकाछन् । वास्तवमा तिनीहरू भूमिहीन श्रमिकहरू हुन् । आजभोली यस क्षेत्रलाई अनौपचारिक अर्थतन्त्र भनिन्छ र मुलुकको आर्थिक योजनाबाट वाहिर राख्ने गरिन्छ । यस्ता कामदारहरू मध्ये धेरै मजदुरहरू औद्योगिक खेतीमा संलग्न रहने भएकाले उनीहरू किटनाषक औषधी तथा अन्य रसायनहरूका हानीकारक प्रभावमा मुछिएका छन् ।

## ९. समाजका अन्य क्षेत्रले पनि खाद्य सम्प्रभुता आवाज उठाउनु पर्दछ

कुनै पनि मुलुकका सवै नागरिकले खाद्य सम्प्रभूताको समर्थन र मनन गर्नु महत्वपूर्ण छ । खाद्य सम्प्रुभूता खासगरी किसान, माझी, खेतीहर मजदुर, कामदार र शहरी क्षेत्रका गरिबहरूका लागि निर्णायक महत्त्व राख्दछ । वास्तवमा यी वहुसङ्ख्यक खाद्य उत्पादकहरू हुन । त्यस्तै अन्य खासखास क्षेत्र जस्तै महिला, आदिवासी जनजातिहरू, खाद्य र कृषि वैज्ञानिकहरू, बालबालीकाहरू र उपभोक्ता हित समाजहरूका लागि खाद्य सम्प्रभूताको महत्त्व र भूमिका अत्यन्त उचो छ ।

**महिलाहरू:**

महिलाहरू कृषि अर्थतन्त्र र खाद्य उत्पादनका अभिन्न तथा निर्णायक अङ्ग हुन् । यसो भएता पनि विकास रणनीतिमा उनीहरू असंलग्न, अपरिचित र अदृश्य रहन्छन् । तर हाम्रो पूँजीवादी पितृसत्तात्मक समाजमा महिलाको भूमिकालाई भान्छामा खाना पस्कने प्रमुख जिम्मेवारीमा सीमित गरिएको छ । उनी परिवारको आमा पनि हुने हुनाले समुदाय र परिवारले स्वास्थ्यको जिम्मेवारी पनि उनैलाई सुम्पेको छ । त्यसैले परिवारको खानाको वन्दोवस्त गर्न नसक्ने महिलालाई दोषी ठहऱ्याउने, गाली गरिने र वारम्वार लोग्नेबाट दण्डित समेत गरिन्छ । यसैले पुरूष तथा बालबच्चाले पहिले र महिलाले सवैभन्दा पछि खाना खाने गर्दछन् । गरीबीको अवस्थामा आफ्नो स्वास्थ्य र जीउको समेत प्रवाह नगरी परिवारको बाँच्ने संयन्त्र तयार गर्नु उनकै जिम्मेवारीभित्र पर्दछ । यसरी खाद्य सुरक्षा र खाद्य सम्प्रुभूताको महिला वर्गसँग घनिष्ठतम सरोकार रहेको छ ।

समान्यतया, खेतीपातीमा महिलाहरूको महत्त्वपूर्ण र निर्णयक भूमिका रहन्छ । अर्को वर्षको लागि बिउ छान्ने, भण्डारण गर्ने उनीहरूनै गर्दछन । बिउ बैङ्कको नियन्त्रण यिनीहरूकै हातमा हुन्छ । सागपात लगाउने, वस्तुभाउ पाल्ने उनीहरूकै रेखदेखमा हुन्छ । परिवारको खाद्य सुरक्षाका लागि यी सवैको सहयोग आवश्यक हुन्छ तापनि महिलाको योगदान पर्दा पछाडि रहने गर्दछ ।

विकासोन्मुख मुलुकहरूमा अधिकांश साना किसान महिलाहरू नै छन् । महिलाहरूनै चामल, मकै, गहुँ जस्ता मुख्य खाद्य र खाना उत्पादन गर्ने उत्पादकहरू हुन । विकासोन्मुख विश्वभरिनै महिलाहरूले ६० देखि ८० प्रतिशत मुख्य खाद्य वाली उत्पादन गर्दछन् । दक्षिण-पूर्व एशियाको मुख्य खाद्यवाली धान खेतिमा ९० प्रतिशत श्रम महिलाहरूको रहेको छ । तेलहन, दलहन, आलु, पिडालु, सखरखण्ड र सागपात जस्ता सहायक खाद्य सामग्रीको उत्पादन महिलाहरूबाटै हुन्छ ।

महिलाहरूको खटाइ खाद्य उत्पादनमा पुरूषकोभन्दा निसन्देह बढि रहन्छ । औषतमा एशिया र अफ्रिकामा महिलाहरू पुरूषको दाजोमा प्रतिहप्ता १३ घन्टा बढि काम गर्दछन । महिलाहरूको बिउ छान्ने, बेर्ना हुर्काउने, बाली लगाउने, गोडमेल गर्ने, बाली भित्रयाउने, र अन्न भण्डारण गर्ने जस्ता काममा केन्द्रीय भूमिका रहन्छ ।

उनीहरू बिउबालीका बारे विस्तृत जानकारी राख्दछन् । एउटै वोटविरूवाको पनि बिभिन्न भागहरूमध्ये कुन खानामा कुन औषधिमा र कुन पशु खाद्यमा प्रयोग गर्ने भन्ने कुरोमा महिलाहरूको अहं भूमिका रहन्छ । बिउ भण्डारण तथा संरक्षण, अनि उम्रिएका बिउको हेरचाह गरी जैविक स्रोत संरक्षणमा समेत उनीहरूको प्रमूख भूमिका रहन्छ । उदाहरणका लागि महिलाहरूले नै गुणस्तरीय बिउविजन छानी भण्डारण गर्दछन जसमाथि सम्पूर्ण खाद्य उत्पादन प्रक्रिया निर्भर रहन्छ । उनीहरूको जैविक स्रोत संरक्षण सम्बन्धी विशिष्ट ज्ञानले जैविक विविधताको प्रवर्धन पनि गरेको छ ।

त्यसकारण महिलाहरूको स्थिति कृषिमा पुरूष सरह संस्थापन नगरी खाद्य संप्रभूता स्थापित हुन सक्दैन । खाद्य सम्प्रभूताले महिलाहरूको हक अधिकार, उनीहरूको उत्तरदायित्व र पारिवारिक खाद्य

उत्पादन तथा तयारीमा आवश्यक भूमिकाको सम्मान गर्दछ । खाद्य सम्प्रभूताको सन्दर्भमा गरिने कृषि तथा खाद्य उत्पादन सम्बन्धी सकल कार्यक्रमहरूमा महिला हक अधिकारको समानता संस्थापित हुनु पर्दछ ।

## आदिवासी जनता

आदिवासी जनताहरूको खाद्य सम्प्रभूतामा सहभागिता जनाउने र सम्मान गर्ने कामले महत्त्वपूर्ण भूमिका राख्दछ । यसले उनीहरूको राष्ट्र वा समूदायमा कायम रहने आत्मनिर्णयको अधिकारका लागि गरिने संघर्षलाई सघाउछ । खाद्य सम्प्रभूताका विविध पक्षले आदिवासी जनताको राष्ट्र वा समुदायमा कायम रहने अधिकारको प्रत्यक्ष पक्षपोषण गर्दछ । आफ्नो पैतृक थलो सम्बन्धी अधिकार जस्तै पैतृक भूखण्ड-जमिन, जल, पहाड आदि प्राप्त गर्ने संघर्षसँग यो प्रत्यक्ष रूपमा नै जोडिएको हुन्छ ।

खाद्य सम्प्रभूता आदिवासी जनताहरूको प्रथम अधिकार हो । राष्ट्र वा समूदायका रूपमा खाद्य र कृषिको अधिकारको व्याख्या गर्ने हक उनीहरूमा नै निहित छ । उनीहरूलाई जल र जमिनको उपयोग तथा व्यवस्थापन गर्ने, संस्कृति र कृषि तथा खाद्य उत्पादनको प्रणाली निश्चित गर्ने तथा खाद्य प्रणालीमा नै आफ्नो संस्कृति विकास गर्ने पूर्ण अधिकार छ ।

## कृषि तथा खाद्यसँग सम्बन्धित वैज्ञानिकहरू

कृषि तथा खाद्य वैज्ञानिकहरू जस्तै कृषि प्राविधिज्ञ, पशुचिकित्सकहरू, जल खेतीविज्ञहरू, पोषणविद्हरू, खाद्य प्राविधिज्ञहरू तथा त्यस्तै अरू विद्वानहरूको खाद्य र खाद्य उत्पादन सम्बन्धी मुलुक वा समुदायका योजना तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा ठूलो भूमिका रहन्छ । खाद्य सम्प्रभूता अन्तर्गत खाद्य उत्पादन प्रविधिको विकास गर्ने कार्यमा उनीहरूको निर्दिष्ट उत्तरदायित्व हुन्छ । यसले जनताको खाद्य उत्पादन सम्बन्धी अधिकार उनीहरूमा नै निहित राख्ने क्रमलाई निश्चितता प्रदान गर्दछ ।

प्रगतिशील तथा जनपक्षीय वैज्ञानिक तथा प्राविधिज्ञहरू विज्ञानलाई जनताको सामुहिक ज्ञानको रूपमा माथि उठाउने सऱ्हानीय कार्य गर्दछन् । मुलुकको खाद्य सम्प्रभुतालाई बल पुऱ्याउने खालका उपयुक्त प्रविधि विकास गर्नु उनीहरूको दायित्व हो । उपयुक्त प्रविधिका माध्यमले कृषि वातावरणिय प्रणालीलाई प्रयोग गर्दै उनीहरू खाद्य उत्पादन गर्ने कार्यमा सहयोग पुऱ्याउछन् ।

प्रगतिशील तथा जनपक्षीय वैज्ञानिक तथा प्राविधिज्ञहरू तथाकथित आधुनिक प्रविधिको विरोध गर्दछन् किनभने जैविक रूपमा रूपान्तरित कृषि उत्पादन गर्ने जैविक ईन्जिनियरिङ जस्ता बहुराष्ट्रिय निगमहरूको पक्षपोषण गर्ने यी प्रविधिहरू उनीहरूद्धारा नै तयार पारिएका र उनीहरूकै स्वामित्वमा रहेका हुन्छन् । यस्ता प्रविधिले मानव स्वास्थ्य तथा वातावरणलाई खतरामा पार्दछन् । जैविक रूपमा रुपान्तरित खाद्य सुरक्षित रहेको वैज्ञानिक प्रमाण आजका मितिसम्म पाईएको छैन ।

## उपभोक्ता आन्दोलन

खाद्य सम्प्रभुतामा उपभोक्ता आन्दोलनको विशेष सरोकार रहन्छ किनभने यसले उपभोक्ताको उपयुक्त, सुरक्षित र आफ्नो आयले भ्याउने खाद्य पाउने अधिकारको पक्षमा वकालत गर्दछ । उनीहरूले सरकारलाई खाद्य सम्बन्धी उत्तरदायित्व पूरा गर्न दवाव दिन्छन् । उनीहरू खाद्य आपूर्ति यथेष्ट हुनु पर्ने, जनताले सुपथ मूल्यमा खाद्य पाउनु पर्ने र खाद्य निगमहरूले न्यूनतम स्तरमा खाद्य उत्पादन गनुपर्ने जस्ता कुराहरूमा जोड दिन्छन् । उनीहरूले पनि जैविक रुपान्तरित खाद्य विरुद्धको संघर्ष र खाद्यमा प्रयोग हुने किटनाशक औषधी आदि हानिकारक रसायनहरू वृद्धि गर्ने कार्यको विरुद्धमा संघर्षहरू चर्काएका छन् ।

## १०. हाम्रो मुलुक र समाजमा खाद्य सम्प्रभुता कसरी लागू गर्ने ?

सरकारले जनताका खाद्य, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता सम्बन्धी हकको सम्मान गर्नै पर्छ । तर खाद्य सम्प्रभुता लागू गर्न सबै तहमा जनताको प्रभावकारी सहभागिता रहनु पर्छ । त्यसैले खाद्य सम्प्रभुताको केन्द्र भागमा जनताका प्रजातान्त्रिक हक अधिकारहरू संरक्षित रहने गर्दछ । खाद्य सम्प्रभुताप्रति प्रतिबद्ध कुनै पनि मुलुक प्रजातान्त्रिक हुनै पर्छ र उसले पारदर्शिता र सुशासनलाई

व्यवहारमा लागू गर्नु पर्दछ । त्यसकारण खाद्यमा सम्प्रभुताको मौलिक तार्त्पय हो जनताको शक्ति वा जनताको सार्वभौमिकता खाद्यमा स्थापित गर्नु ।

क) खाद्य र खाद्य उत्पादन सम्बन्धी जेसुकै नीति तर्जुमा गरे तापनि त्यसको आधारभूमि जनताकै अधिकारमा निहित रहन्छ । ऐन, नियम, नीति तथा कार्यक्रमहरू जनताका खाद्य र खाद्य सम्बन्धी अधिकारलाई समर्थन मात्र गर्दैनन्, तिनलाई सुनिश्चितता समेत प्रदान गर्दछन् । यो वहुसङख्यक साना खाद्य उत्पादकहरूको पक्षपोषण गर्ने वास्तविक कृषिसुधार कार्यक्रमको कार्यान्वयनमा आधारित छ ।

ख) जनता निष्कृय छैनन्, उनीहरू आफ्ना न्यायिक अधिकार प्राप्त गर्न पर्खी बसेका मात्र छन् । यदि सरकारको उत्तरदायित्व मानव अधिकारको संरक्षण र प्रर्वबद्धन गर्नु हो भने यी हकहरूको पक्षमा आवाज उठाउनु, माग गर्नु र व्यवहारमा लागू गर्नु जनताको उत्तरदायित्व हो । खाद्य र खाद्य उत्पादन सम्बन्धी नीतिहरू लागू गर्दा जनताको सकृय सहभागिता रहनु पर्दछ । यो कुरा संगठन र सामुदायिक तहमा लैजान राज्यले उत्तरादायित्व लिनु पर्छ ।

ग) खाद्य तथा खाद्य उत्पादनको सवालमा राज्यले तर्जुमा गर्ने कानुनी कार्यक्रम तथा नीति निर्माण प्रजातान्त्रिक र सहभागितापूर्ण हनु पर्दछ । यस प्रक्रियामा जनताको सहभागिता रहने सुनिश्चितता हुनु पर्दछ । यसको वास्तविक अभिप्राय साना खाद्य उत्पादक तथा उपभोक्ताहरूको हित संरक्षण गर्नु हो, ठूला-ठूला व्यापारीक निगमहरू वा जमिन्दारहरूको पक्षपोषण गर्नु होइन ।

खाद्यमा जनताको सम्प्रभुता वा खाद्यमा जनअधिकारको स्थापना एउटा कार्यक्रम वा मञ्च हो जहाँ समाजका विविध क्षेत्रबाट मानिसहरू सामुहिक रूपमा संघर्ष गर्दछन् र उनीहरूको खाद्य अधिकार तथा खाद्य उत्पादन गर्ने स्रोतमाथिको अधिकार समाजद्धारा नै पूर्णरूपमा परिपूर्ति गराउन धेरै जसो मुलुकहरूमा आज यो मञ्च मुनाफापरक विश्वव्यापीकरणको विरुद्धको संघर्षको रुपमा अगाडि बढेको छ किनभने यसले जनताका राजनैतिक, नागरिक, सामाजिक सांस्कृतिक तथा आर्थिक अधिकारहरूलाई उल्लङ्घन गर्दै पाखा लगाउने कोशिश गरिरहेको छ ।

यस्ता नीति तथा कार्यक्रमहरूले खाद्य उत्पादकहरूको समर्थन र सेवालाई विस्तारित गर्नु पर्दछ यस्तो काम कृषि औजार तथा पूँजि र किसानका उत्पादनहरूलाई बिक्री वितरणमा ल्याएर गर्न सकिन्छ । यसो गर्दा साना खाद्य उत्पादक तथा उपभोक्ताहरूको हित संरक्षण कार्यक्रमसँग हातेमालो गर्दै अगाडि बढ्नु पर्छ । यस्ता आवश्यक नीति-नियम निर्माण गर्दा स्थानीय साना खाद्य उत्पादकहरूले उत्पादन गर्न सक्ने चामल, गहुँ ,मकै र सागपात आदिको आयातमा प्रतिबन्ध लगाउन बिर्सनु हँदैन ।

## ११. किन हामी अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैङ्क र विश्व व्यापार संगठनका नव उदारवादी नीतिहरू र बहुराष्ट्रिय निगमहरूको विरोध गर्दछौ ? किन विश्व व्यापार संगठनलाई कृषि तथा खाद्यबाट बाहिर निकाल्नु पर्छ ?

खाद्य तथा खाद्य उत्पादन सम्बन्धी नीति तथा कार्यक्रमहरू आफ्नै देशको आर्थिक नीतिमा विकसित तथा संरक्षित हुनु पर्छ । खाद्य सम्प्रभुता व्यापार तथा लगानी नीतिहरूको, वैदेशिक व्यापार तथा लगानीको प्रवेश र थिचोमिचोमा पर्नु हुँदैन ।

यसैकारणले खाद्य सम्प्रभुतालाई विश्व व्यापीकरणका नीतिहरूले अवज्ञा गर्दछन् । व्यापार लगानी तथा वित्तमा भएको उदारीकरणले बहुराष्ट्रिय निगमहरूलाई जनताका हक अधिकार उल्लंघन गर्न सहयोग गर्दछ । स्वतन्त्र व्यापारको नाममा खाद्य र खाद्य उत्पादन सुरक्षण सम्बन्धी प्रावधानहरूलाई पाखा लगाईन्छ । खाद्य र खाद्य उत्पादन परिपूर्ति गर्ने सार्वजनिक संस्थानहरूलाई निजीकरणले ध्वस्त पार्दछ । यसै गरी विनियमिकरण प्रक्रियाले आधारभूत खाद्य उत्पादनको मूल्य अकासिदो क्रममा बढाउछ र बहुराष्ट्रिय निगमहरूलाई खाद्य तथा कृषिमा आधिपत्य जमाउने ढोका खोलिदिन्छ ।

जनताद्धारा समर्थित तथा प्रतिनिधित्व गर्ने उत्तरदायी राज्यले खाद्य सम्बन्धी मानवअधिकारको समर्थन गर्दै खाद्यमा जनताको सम्प्रभुतालाई स्थापित गर्दछ । त्यसैले राज्य तथा मुलुकले खाद्य सम्प्रभुतालाई जनताको शक्तिमा आधारित गर्दै व्यवहारमा लागू गर्दछन् । राज्यका लागि खाद्य सम्प्रभुताको सवाल खाद्य र कृषिमा नीति निर्माण गर्ने आफ्नो सम्प्रभुअधिकार सुरक्षण गर्नु मात्र होइन खाद्यमा सम्प्रभुताको अर्थ र सार मानव अधिकारको प्राप्ति पनि हो । जनताका खाद्य अधिकारहरूमा खासगरी

किसान तथा अन्य खाद्य उत्पादकहरूको जमिन तथा अन्य सबै स्रोतहरूद्धारा सम्पूर्ण समाजलाई र आफैलाई पनि खाद्य प्रबन्ध गर्ने अधिकार निहित रहन्छ ।

सरकार र मुलुकले विश्वबैङ्क तथा अन्तर्राष्ट्रिय मुद्राकोषको संरचनात्मक समायोजन कार्यक्रम र विश्वव्यापीकरणलाई अगाडि बढाउदा खाद्य सम्प्रभुता र अरु आधारभूत नीति अन्तर्गत संचालित हुनु पर्दछ ।

अर्कोतिर बहुराष्ट्रिय निगमहरूका लगानीका लागि र व्यापार नीति तथा सन्धि सम्झौता गर्दा सरकार र मुलुकले खाद्यमाथिको सम्प्रभुतालाई खलल पार्ने गरी गर्नु हुँदैन । विश्व व्यापार संगठनका स्वतन्त्र व्यापार सम्बन्धी नीति तथा सम्झौताहरू र अन्य क्षेत्रीय तथा द्विपक्षीय व्यापार सम्झौताहरू गर्दा खाद्यमा सम्प्रभुतालाई दख्खल दिने प्रावधानहरूलाई राज्यले विरोध गर्नु पर्दछ र खाद्य सम्प्रभुतालाई उच्च सम्मान गर्नु पर्छ ।

विश्व व्यापार संगठनको स्वतन्त्र व्यापार सम्बन्धी नीतिगत रूपरेखाले खाद्य सम्प्रभुतालाई ध्वस्त पार्दछ, त्यसैले किसान आन्दोलन तथा अन्य जनआन्दोलनहरूले विश्वव्यापार संगठनलाई कृषि तथा खाद्यबाट बाहिरिन आव्हान गरेका हुन् । यसको तात्पर्य के हो भने विश्वव्यापार संगठनका खाद्य तथा कृषि सम्बन्धी विभिन्न सम्झौताहरू जस्तै कृषि सम्झौता (ए.ओ.ए.),गुणस्तर तथा कृषि सरसफाई सम्बन्धी सम्झौता (एस.पि.एस.) र अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी वौद्धिक अधिकारहरू (टिप्स) आदिको विरोध गर्नु र अमान्य घोषित गर्नु हो ।

## १२. खाद्य सम्प्रभुता सम्बन्धी जन सम्मेलन के हो ? यसले कसरी विश्वव्यापीकरणका नवउदारीकरण कार्यक्रमहरूको विरोध गर्दछ र खाद्यमाथि जनताको सम्प्रभुतालाई उच्च सम्मान गर्दछ ?

नवउदारवादी विश्वव्यापीकरणको खाद्य तथा कृषि सम्बन्धी नीति तथा कार्यक्रमको विरोधमा विकसित वैकल्पिक मञ्च नै खाद्यमा जनताको सम्प्रभुताको सिद्धान्त तथा नीतिहरू हुन् । मानवअधिकारको संरक्षण र उच्चसम्मान गर्ने सम्मेलन वा सन्धिले मात्र यो प्राप्त गर्न सकिन्छ । यो सरकारका लागि कानूनीरूपमा बाध्य सम्झौता वा कानूनी दस्तावेज हुनेछ, जसले खाद्यमाथिको जनताका सम्प्रभुताको सिद्धान्तलाई एकै स्वरले समर्थन गर्दछ र यसलाई लागू गर्ने जिम्मेवारी लिन्छ । खाद्य सम्प्रभुता सम्बन्धी जनसम्मेलनको प्रस्तावले जनअधिकार स्थापना गर्ने क्रममा संघर्षरत जनतासँग कार्यनीतिक मान्यता राख्दछ । यसको दीर्घकालीन महत्त्व कृषि र खाद्यमाथि जनताको हक अधिकारको आवधारणा सिद्धान्त र माग प्रस्तुत गरेबाट प्रष्ट हुन्छ । यसको तात्कालिक कार्यनीतिक उद्देश्य विश्व व्यापार संगठनलाई कृषि तथा खाद्यबाट बाहिर निकाल्न अभिमत सिर्जना गर्नु हो जसलाई प्रगतिशील किसान आन्दोलनहरू र तिनका समर्थकहरूले जोडदार रूपमा अगाडि बढाएका छन् । त्यस्तै खाद्य र कृषिसँग सम्बन्धित विश्वव्यापीकरण, विश्वबैङ्क तथा अन्तर्राष्ट्रिय मुद्रा कोषका संरचनात्मक समायोजन कार्यक्रम, स्वतन्त्र व्यापार सम्बन्धी सम्झौताहरू र त्यस्तै अरु विविध सवालहरूको विरुद्धमा प्रस्तुत गरिएको तात्कालिक कार्यनीतिक जवाफ पनि हो ।

यसो भए तापनि विश्वबैङ्क, विश्व व्यापार संगठन र मुद्रा कोष जस्ता निकायहरूले आफ्ना विविध कानूनी उपकरणहरूको उपयोगबाट व्यापारमुखी विश्वव्यापीकरणको पक्षमा तानिएका हाम्रा सरकारहरूमाथि हामीले पनि विश्वास गर्दै उनीहरूबाट केही हुने आशा गर्नु अत्यन्त कठिन भएको छ । यी सरकारहरू खाद्य सम्प्रभुता सम्बन्धी कानूनी रूपमै प्रतिबद्ध प्रावधानहरूको सजिलै अनुमोदन गरी तिनका पक्षमा सही गर्नेवाला छैनन् ।

जनताको खाद्य सम्प्रभुतासँग सम्बन्धित जनआन्दोलनहरूले **खाद्य सम्प्रभुता सम्बन्धी जनसम्मेलन**का सम्बन्धमा तिनवटा महत्त्वपूर्ण खुलासा र तौरतरिकाहरू अगाडि सारेका छन् ।

**पहिलो**, हामी यस सम्मेलनको प्रस्तावलाई लोकप्रिय बनाउने छौं र खाद्य तथा कृषिको मार्गदर्शक सिद्धान्तका रूपमा खाद्य सम्प्रभुताको अवधारणालाई प्रचारप्रसार गर्ने छौं । साथै यसको पक्षमा ऐक्यबद्ध जनआन्दोलन खासगरी किसान सहभागिताको लागि आव्हान गर्दछौं ।

**दोस्रो**, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा नवउदारवादी विश्वव्यापीकरणका कार्ययोजना तथा विभिन्न उपकरणहरूको विरोधमा तात्कालिक कार्यनितिक संघर्ष गर्ने यो एउटा महत्त्वपूर्ण उपक्रम हो । त्यसैले यसले हाम्रो अभियान र कार्यनीतिलाई विविध सवालमा वैधता प्रदान गर्दछ ।

**तेस्रो**, यो किसान तथा अन्य खाद्य उत्पादकहरूको सञ्जाललाई विस्तार गर्ने र समाजमा कृषि र खाद्यको सम्बन्धमा खासगरी किटनाशक औषधी, जैविक रूपान्तरित खाद्यहरू र अन्य धेरै कुराहरूका विरुद्धमा लडिरहेका विभिन्न प्रजातान्त्रिक समूहहरूसँग समन्वय स्थापित गर्ने महत्त्वपूर्ण साधन हुनेछ । यसका साथै खाद्यमा सम्प्रभुता तथा जनसम्मेलनको आव्हानले सरकारका केही अँगहरू तथा साना औद्योगिक प्रतिष्ठानहरूसँग मिलेर जाने समन्वयात्मक कार्यनीतिको लागि बाटो खोली दिएको छ ।

## १३. हामीहरू किन सरकारको औपचारिक सम्मेलनको सट्टा जनसम्मेलनको आव्हान गरिरहेका छौ ?

हाम्रो प्रस्ताव कानुनी सम्मेलनकै पक्षमा र सरकारबाट आधिकारिक सहमति लिने नै पक्षमा रहेको छ तापनि हाम्रो अझ महत्त्वपूर्ण उद्देश्य चाहिं सबै क्षेत्रका सम्पूर्ण जनताहरूलाई परिचालन गरी जनताको सम्प्रभुताको आव्हानलाई राष्ट्रिय र अन्तराष्ट्रिय तहमा संस्थापित गर्नु हो । जनसम्मेलनका सिद्धान्त, कार्यक्रम र प्रस्तावहरूमाथि विश्वास जाहेर गर्ने जनआन्दोलनका प्रतिनिधिहरू र सरकारका प्रगतिशील तत्वहरूबीच एकता स्थापित गर्दै जन सम्मेलन एउटा वैकल्पिक बाटोको रूपमा स्थापित गर्नु हो ।

यसप्रकार खाद्य सम्प्रभुता सम्बन्धी किसान तथा जनआन्दोलनमा संलग्न सबैको सहयोगमा सरकारलाई यसको पक्षमा आउन बाध्य गर्नेछ । अर्कोतिर उनीहरू अहिले नै जनताको खाद्य सम्प्रभुताको सार र प्रक्रियालाई आफ्नो दैनिक संघर्षका माध्यमबाट व्यवहारमा लागू गरिरहेका छन् । जनता र उनीहरूको मानवअधिकारमा विश्वास राख्ने जनवादी प्रजातन्त्रका माध्यमबाट हामी आफ्ना माग राज्यका समक्ष जोडदार रुपमा राख्छौं र उसलाई चुनैति दिन्छौं । राज्यले जनताका जायज माग त्यसै पूरा गरिदिने छ भन्ने भ्रममा हामी छैनौं ।

त्यसकारण खाद्य सम्प्रभुता सम्बन्धी सम्मेलनको सार र भावना प्रगतिशील जनसम्मेलन कै माध्यमबाट विकसित र प्राप्त हुनेछ । सरकारले यसलाई मान्यता दिने छ वा छैन भन्ने कुरामा सीमित रहने छैन । अर्कोतिर जनताको खाद्य सम्प्रभुतालाई विभिन्न सरकारहरू तथा संयुक्त राष्ट्र संघ र यूरोपेली संसद् जस्ता आधिकारिक अन्तर्राष्ट्रिय संस्थाहरूले मान्यता दिई सकेका छन् । यो साँच्चै खुशीको खबर हो त्यसले जनसम्मेलनको महत्त्वलाई बल प्रदान गर्दै स्पष्टरुपमा जनताको खाद्य सम्प्रभुताको समर्थन र उच्च सम्मान गर्दछ ।